संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५१
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ १३ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले दैलेख जिल्ला आठवीसकोट नगरपालिकामा चट्याङमा परि एक बालकको मृत्यु हुनुकासाथै एक महिला घाईते भएको, नेपाल सरकारद्वारा सञ्चालित नेपाल एयरलाइन्सको सबै जहाजहरु ग्राउन्डेड भएको, सि-चेकको लागि एक महिनाको समय लिएर दिल्ली पठाईएको जहाज ९० दिन भन्दा बढि समयसम्म ईटलीमा दैनिक तीन हजार डलर तिरेर पार्किङमा राखिरहेको, गोरखा जिल्लाको छेकम्पारबाट दुई पुरुषहरु तिब्बत जादै गर्दा तिब्बतका प्रशासकद्वारा समातिएको लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

१. मा० सीता कुमारी राना
२. मा० मनिष झा
३. मा० राजेन्द्र बजगाई

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० अच्यूत प्रसाद मैनाली
२. मा० अञ्जनी श्रेष्ठ
३. मा० अनिशा नेपाली
४. मा० अनिता देवी
५. मा० अम्मर बहादुर रायमाझी
६. मा० अर्जुन नरसिंह के.सी.
७. मा० अस्मा कुमारी चौधरी
८. मा० ईश्वर बहादुर रिजाल
९. मा० उदय शंशेर ज.ब.रा.
१०. मा० उर्मिला माझी
११. मा० एकनाथ ढकाल
१२. मा० कान्तिका सेजुवाल
१३. मा० कालुराम राई
१४. मा० किरण कुमार शाह
१५. मा० गणेश पराजुली
१६. मा० गोमा लाभ (सापकोटा)
१७. मा० गंगा कार्की
१८. मा० गंगा प्रसाद यादव
१९. मा० गंगा राम चौधरी
२०. मा० डा० चन्दा कार्की (भण्डारी)
२१. मा० डा० चन्द्रकान्त भण्डारी
२२. मा० चन्द्र बहादुर विश्वकर्मा
२३. मा० छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० छिरिङ ल्हामु लामा (तामाङ)
२५. मा० जावेदा खातुन जागा
२६. मा० जुली कुमारी महतो (महासेठ)

तत्पश्चात् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयहरुका सम्बन्धमा जवाफ दिनुभयो ।

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० गगन कुमार थापा
२. मा० गोकुल प्रसाद बाँस्कोटा
३. मा० देवेन्द्र पौडेल
४. मा० अशोक कुमार चौधरी
५. मा० रोशन कार्की
६. मा० अम्मर बहादुर थापा
७. मा० विरेन्द्र प्रसाद महतो
८. मा० अब्दुल खांन
९. मा० रेखा यादव
१०. मा० प्रेम सुवाल
११. मा० सर्वेन्द्र नाथ शुक्ला
१२. मा० डा० अमरेश कुमार सिंह
१३. मा० रामहरि खतिवडा
१४. मा० पदम गिरी
१५. मा० माधव सापकोटा
१६. मा० निशा डांगी
१७. मा० संजय कुमार गौतम
१८. मा० ठाकुर प्रसाद गैरे
१९. मा० हृदयराम थानी
२०. मा० भगवती चौधरी

त्यसपछि सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले “राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०” पेश गर्नुभयो ।

तत्पश्चात् जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक माननीय सोबिता गौतमले “हवाई क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संगठनहरुले नेपालका हवाई उड्डयन क्षेत्रलाई असुरक्षित भनिरहेको, हवाई दुर्घटनाहरुले एयरलाइन्स र हवाई

यातायात उद्योगको छवि र विश्वासमा समेत असर परेको हुँदा तत्काल सुधार गरी विश्वसनियता बढाउन आवश्यक भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त निम्नलिखित माननीय सदस्यहरुले उक्त प्रस्तावको समर्थन गर्नुहुँदै छलफलमा भाग लिनुभयो:-

१. मा० डोलप्रसाद अर्याल (समर्थक)
२. मा० डा० तोसिमा कार्की (समर्थक)
३. मा० अशोक कुमार चौधरी (समर्थक)
४. मा० सुमना श्रेष्ठ (समर्थक)
५. मा० डा. चन्दा कार्की (भण्डारी) (समर्थक)
६. मा० गणेश पराजुली (समर्थक)
७. मा० विन्दवासिनी कांसकार (समर्थक)
८. मा० उदय शंशेर ज.ब.रा.
९. मा० हित बहादुर तामाङ
१०. मा० अब्दुल खांन
११. मा० संजय कुमार गौतम
१२. मा० राजेन्द्र बजगाई
१३. मा० अनिशा नेपाली
१४. मा० मैना कार्की
१५. मा० सुदन किराँती
१६. मा० विरेन्द्र प्रसाद महतो
१७. मा० सपना राजभण्डारी
१८. मा० प्रतिमा गौतम
१९. मा० गोमा लाभ (सापकोटा)
२०. मा० रामहरि खतिवडा
२१. मा० शिव नेपाली
२२. मा० ज्ञानु बस्नेत (सुवेदी)

त्यसपछि माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले उक्त छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संविधान सभा सदस्य श्रवण कुमार अग्रवालको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीबाट पारित भयो:-

शोक प्रस्ताव

"मधेशी जनअधिकार फोरम, नेपालबाट वि.सं. २०६४ र २०७० सालको संविधान सभाको निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, हाल जनता समाजवादी पार्टी, नेपालमा आवद्ध र हरेक लोकतान्त्रिक आन्दोलनमा सहभागी रहनु भएका श्रवण कुमार अग्रवालको ७७ वर्षको उमेरमा मिति २०८१ साल साउन २१ गते सोमबार असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय श्रवण कुमार अग्रवालको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ १८ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक साँझको ०७:२५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव